म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्षः१५ अङ्कः- ८० २०८० माघ २४ गते बुधबार 7 February 2024, Wednesday - पृष्ठ ४ मूल्य रु. ५/-

**जग्गा भाडामा चाहियो ?**



हेटौंडा-५, शान्तिनगरस्थित उद्योग, वर्कसप समेत सञ्चालन गर्न मिल्ने ५ कट्ठा जमिन भाडामा दिनुपर्ने भएकोले इच्छुक व्यक्ति वा संस्थाले तुरुन्त सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ।

**सम्पर्क नम्बरः ९८४९४५४६८३**

### ४ महिनादेखि उत्पादन ठप्प रहेको हेटौंडा सिमेन्ट उद्योग पुनः सञ्चालन

# १५ दिनलाई मात्र कोइला पुग्ने



समाज संवाददाता

हेटौंडाः नेपाल सरकारको स्वामित्वमा रहेको हेटौंडा सिमेन्ट उद्योग ४ महिनापछि पुनः सञ्चालनमा आएको छ । दैनिक सात सय मेट्रिकटन सिमेन्ट उत्पादन गर्ने उद्योग दशैंपछि उत्पादन शून्य रहेको थियो ।

उद्योग सञ्चालनका लागि अति आवश्यक पर्ने कोइला उद्योगमा एक हजार टन अर्थात् १५ दिनलाई मात्र पुग्ने रहेको छ । उद्योगले दैनिक ७ सय मेट्रिकटन सिमेन्ट उत्पादन गर्ने उद्योगका प्रशासन शाखा प्रमुख अशोक गौतमले जानकारी दिनुभयो ।

१५ दिनपश्चात् कोइला सकिएको अवस्थामा के गर्नुहुन्छ ? भन्ने प्रश्नमा उहाँले भन्नुभयो, 'हामीले कोइला मगाइराखेका छौं । अहिले हामीसँग १५ दिनलाई पुग्ने कोइला छ । कोइला आयो भने उद्योग सञ्चालन भइरहन्छ । कोइला नआएको अवस्थामा उद्योगमा उत्पादन बन्द नै हुन्छ ।' यता, उद्योग बन्द भएपश्चात् सञ्चालनको गर्न माग गर्दै अखिल नेपाल औद्योगिक मजदुर संघले आन्दोलनसमेत गरेको थियो । मजदुर संघका अध्यक्ष दीपक सिंह थोकरका अनुसार अहिले उद्योग सञ्चालनमा आएको बताउँदै १५ दिनसम्म पुग्ने कोइला रहेको जानकारी दिनुभयो ।

लामो समयदेखि निरन्तर घाटामा रहेको उद्योगले सिमेन्ट उत्पादनका लागि चाहिने कोइलाको अभाव देखाउँदै उद्योगले उत्पादन कार्य ठप्प गर्दै आएको छ । कोइलाको अभाव देखाउँदै सिमेन्ट उद्योगले दशैंपछि पूर्णरुपमा उत्पादन नै ठप्प गरेको थियो । कोइलाको माध्यमबाट सिमेन्ट उत्पादनका लागि चाहिने कच्चा पदार्थ क्लिङ्कर बनाउने गरिन्छ । उद्योगले पछिल्लो चार वर्षदेखि निरन्तर घाटा बेहोरिरहेको छ ।

उद्योगबाट प्राप्त जानकारीअनुसार आर्थिक वर्ष २०७५/०७६ देखि २०७८/०७९ सम्ममा उद्योगलाई ६५ करोड ४७ लाख १६ हजार ७८२ रुपैयाँ नोक्सान भएको छ । गत आर्थिक वर्षमा मात्र उद्योगको नोक्सानी २३ करोड ५५ लाख रुपैयाँ रहेको छ । कर्मचारी, उपकरण, पुरानो प्रविधि, बजारको अभाव, मूल्य समायोजन, प्रतिस्पर्धात्मक बजारलगायतका समस्या उद्योगमा रहेको महाप्रबन्धक बसन्तकुमार पाण्डे बताउनुहुन्छ । हेटौंडा सिमेन्ट उद्योगमा १९३ जना स्थायी कर्मचारी रहेका छन् भने दैनिक ज्यालादारी एक सय जनाभन्दा बढी रहेका छन् ।

४ महिनामा उद्योग १५ दिन सञ्चालन हुनुले उद्योगको अवस्था नाजुक रहेको देखाउँछ । उद्योगलाई व्यवस्थितरुपमा सञ्चालन गर्न नसक्नु सरकारको कमजोरी हो । उद्योग सञ्चालनको क्रममा राजनीतिकरण भएका कारण उद्योगको अवस्था यो हालतमा पुगेको धेरैको बुझाइ छ । उद्योग राजनैतिक दलले डुबाए भन्दै चौतर्फी आलोचना हुने गरेको छ । सिमेन्ट उद्योग पनि अन्य सरकारी उद्योगजस्तै बन्द हुने सम्भावना छ ।

# मकवानपुर गोल्डकपको सेमिफाइनल समीकरण पूरा



*बल नियन्त्रणमा लिंदै सशस्त्र प्रहरी बलका विदेशी खेलाडी सर्जसङ ।*

समाज संवाददाता

हेटौंडाः छैठौं संस्करणको मकवानपुर गोल्डकप फुटबल प्रतियोगिताको सेमिफाइनल समीकरण पूरा भएको छ । हेटौंडा-६ स्थित गौरीटार रंगशालामा भएको क्वाटरफाइनल चरणको अन्तिम खेल सम्पन्न भएसँगै प्रतियोगिताको सेमिफाइनल समीकरण पूरा भएको हो ।

मंगलबार भएको अन्तिम क्वाटर फाइनल खेलमा सशस्त्र प्रहरी बल (एपीएफ)ले आहा रारा गोल्डकपको उपविजेतासमेत रहेको ललितपुरको थ्रीस्टार क्लबलाई ४-० गोलले सहजै पराजित गर्दै सेमिफाइनलमा प्रवेश गरेको हो । एपीएफको जितमा अनिसेतले फ्री किकको सुनौलो अवसर पाएर एक गोल गर्दै टिमलाई अग्रता दिलाएका थिए । दोस्रो हाफको ४८ औं मिनेटमा अनिश महर्जनले गोल गर्दै अग्रतालाई बढाएका थिए । कमजोर अवस्थामा देखिएको थ्रीस्टार क्लबविरुद्ध ५९ औं मिनेटमा प्रदीप लामा र विदेशी खेलाडी सर्जसङले समान १-१ गोल गर्दै एपीएफलाई सहजै जित दिलाएका थिए ।

खेलको म्यान अफ द म्याच एपीएफका प्रदीप लामा घोषित भएका छन् । प्रतियोगिताअन्तर्गत् बुधबार सेमिफाइनल खेलमा धनकुटाको राजारानी क्लब र काठमाडौंको न्युरोड टिम (एनआरटी)बीच प्रतिस्पर्धा हुनेछ । बिहीबार एपीएफले फाइनल प्रवेशका लागि सेमिफाइनमा राइट लाइन युथ क्लब बागमतीसँग प्रतिस्पर्धा गर्नुपर्नेछ ।

१२ टिमको सहभागिता रहेको प्रतियोगितामा ८ टिम बाहिरिएका छन् । प्रतियोगिताको उपाधि विजेता टिमले १५ लाख रुपैयाँ र उपविजेता टिमले १० लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन । प्रतियोगिताको सर्वोकृष्ट खेलाडीले ३ सय ५० सीसीको बुलेट बाइक पाउनेछन् । प्रत्येक खेलको म्यान अफ द म्याच हुने खेलाडीले १० हजार रुपैयाँ र विधागत उत्कृष्ट खेलाडीहरुले २५-२५ हजार रुपैयाँ प्राप्त गर्नेछन् ।

मकवानपुर जिल्ला फुटबल संघको आयोजनामा भइरहेको प्रतियोगितामा करिब १ करोड ६४ लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको छ । प्रतियोगिताको फाइनल खेल शनिबार हुनेछ ।

# लडेर घाइते भएका पुरुषको मृत्यु

समाज संवाददाता

हेटौंडाः हेटौंडा-१, भैरवडाँडास्थित पाथिभरा मन्दिर जाने क्रममा बाटोमा लडेर घाइते भएक एक पुरुषको मृत्यु भएको छ । मृत्यु हुने व्यक्तिको परिचय खुल्न सकेको छैन । मृतक मागेर हिंड्ने जस्तो देखिने ३५ वर्षीय पुरुष रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

मंगलबार बिहान ९ बजेर १५ मिनेटको समयमा भैरवडाँडा, डाङडुङ्गे हुँदै पाथिभरा मन्दिर जाने बाटोमा लडेर घाईते भएका थिए । घाइते पुरुषको टाउको, शरीर र हातखुट्टामा चोट लागेको थियो । उपचारका लागि हेटौँडा अस्पताल लगिएकोमा दिउँसो ३ बजेर ८ मिनेटको समयमा डाक्टरले मृत घोषणा गरेको प्रहरीले जनाएको छ ।

# समुदायमा कांग्रेस अभियान स्थगित

समाज संवाददाता

हेटौंडाः नेपाली कांग्रेसले देशका ७७ वटै जिल्लामा सञ्चालन गरेको समुदायमा कांग्रेस अभियान स्थगित भएको छ । पार्टीका केन्द्रीय सदस्य केशवबहादुर बुढाथोकीको सोमबार राति मृत्यु भएपछि मंगलबारबाट मकवानपुरसहित देशभरका सबै जिल्लामा अर्को सूचना नआएसम्मका लागि अभियान स्थगित भएको कांग्रेस मकवानपुरका सभापति बुद्ध लामाले बताउनुभयो ।

मकवानपुरमा माघ १६ गतेदेखि पार्टीले अभियान सुरु गरेको थियो । अभियानमा मकवानपुर जिल्लाका लागि पार्टीका केन्द्रीय सदस्य एवम् प्रतिनिधिसभा सदस्य राजन केसी प्रतिनिधिका रुपमा आउनुभएको थियो । अभियानमा अहिलेको सरकार र यो व्यवस्थाबारेमा जनताको धारणा र गुनासो बुझ्ने, जनताको इच्छा आकांक्षा र विकास निर्माणका कार्यहरुबारे जनताको राय संकलन गर्ने र जनताको गुनासो सुन्ने काम गरेको सभापति लामाले बताउनुभयो ।

अभियानअन्तर्गत् मकवानपुरमा पहिलो दिन दुग्ध सहकारी संस्थामा किसानहरुको गुनासो सुन्ने काम गरेको सभापति लामाले बताउनुभयो । किसानहरुले सरकारले दूधमा दिने अनुदान रकम समयमा नपाएको, सहकारीले किसानलाई पैसा तिर्न नसकेको र उत्पादन भएका सामग्री बिक्री नभइरहेको गुनासो गरेको उहाँले बताउनुभयो । यस्तै, १६ गते हेटौंडा-१३ स्थित पदमपोखरीमा सुकुम्बासीहरुको गुनासो सुनेको थियो । पदमपोखरीमा सुकुम्बासीहरुले आफूहरुलाई सीप र रोजगार चाहिएको गुनासो गरेका थिए । सभापति लामाले उक्त स्थानमा पार्टीले केही समयपछि मजदुर तालिम र अन्य सीप विकास तालिम दिने तयारी थाल्ने बताउनुभयो ।

अभियानअन्तर्गत् गत बिहीबार कांग्रेसका केन्द्रीय सदस्य एवम् प्रतिनिधिसभा सदस्य प्रकाशमान सिंहको नेतृत्वमा पाँच वटा महत्वपूर्ण विषयमा गुनासो सुन्ने काम गरेको सभापति लामाले बताउनुभयो । गत बिहीबार मकवानपुर गढी-२ मा कृषि र पर्यटनको विकासबारे स्थानीयसँग गुनासो सुन्ने काम गरेको उहाँले बताउनुभयो । गढीमा स्थानीयहरुले दरबारको सुरक्षा व्यवस्थापन कमजोर रहेको गुनासो गरेका थिए । गढी दरबारको थप व्यवस्थित ढङ्गबाट संरक्षण गर्ने, पार्टीले युद्ध संग्रहालय बनाउने, त्यस क्षेत्रको जनतालाई पर्यटनसम्बन्धी तालिम दिनुपर्नेलगायतका कुरा उठेको सभापति लामाले बताउनुभयो । यस्तै, पालिकामा रैथाने बालीलाई संरक्षण गर्न किसानलाई सीप विकास, बालीको मूल्य, बजार व्यस्थापन र कृषि उत्पादनमा जोड दिन बीउ र मल समयमै उपलब्ध गराउनुपर्ने विषयमा छलफल भएको उहाँले बताउनुभयो ।

गत बिहीबार नै हेटौंडा अस्पतालमा अन्तरक्रिया गरिएको थियो । अन्तरक्रियामा स्वास्थ्य बिमाको रकम र सेवा पनि बढाउनुपर्ने र अस्पतालमा बेडको संख्या अझै बढाउनुपर्ने बताइएको थियो । स्वास्थ्य सेवा र डाक्टरहरुको लोकसेवा परीक्षा नखुल्दा करारमा बस्नुपर्ने अवस्था र मन्त्रालयलाई दरबन्दी मागे पनि स्वीकृत नगरेकाजस्ता समस्या राखेका थिए । जनशक्ति आवश्यकताअनुसार नहुँदा सेवा दिन गाह्रो भइरहेको र सेवा दिने क्रममा सुरक्षा नभएको गुनासो गरेका थिए ।

हेटौंडा उपमहानगरपालिकाका जनप्रतिनिधिसँग अहिले भइरहेको विकास निर्माणका कार्य, संघीय सरकारले स्थानीय सरकारको कानुनलाई सम्बोधन गर्नुपर्ने र अधिकार बाँडफाँडका कुरामा छलफल भएको सभापति लामाले बताउनुभयो । यस्तै, जिल्ला पार्टी कार्यालयमा हेटौंडा बजार क्षेत्रको २५ मिटर सडकबारे सरोकारवालाहरुको सुझाव संकलन र व्यवसायीहरुको गुनासो सुनिएको थियो । व्यवसायीहरुले अझै पनि उचित मुआब्जा नपाइरहेको अवस्थामा सडक विस्तार गर्न नहुने कुरा राखेका थिए ।

मूल्य अभिवृद्धि कर (भ्याट), बैंक ऋण, ब्याजदर घटाउनुपर्ने, नयाँ कलकारखाना निर्माण हुर्नुपर्नेमा भएका कारखानाहरु पनि बन्द भइरहेको गुनासो व्यवसायीहरुले गरेका थिए । झण्डै ४ महिनादेखि उत्पादन बन्द रहेको हेटौंडा सिमेन्ट उद्योगमा पुगेर त्यहाँको अवस्थाबारे बुझेको सभापति लामाले बताउनुभयो । उद्योगले समय-समयमा उत्पादन बन्द गर्नुको कारण कोइला अभाव, मेशिनहरु पटकपटक बिग्रने र निजी क्षेत्रको बजार मूल्यमा प्रतिस्पर्धा गर्न नसकिरहेको गुनासो गरेका थिए । उद्योगले सोमबार बिहानबाट पुनः उत्पादन सुरु गरेको छ ।

यस्तै, विद्यालयहरुमा शिक्षक दरबन्दी समस्या र भौतिक संरचना अभावका समस्या पाइएको उहाँले बताउनुभयो । मनहरीमा निकुञ्ज क्षेत्र आसपासमा वन्यजन्तुबाट बालानाली, भौतिक संचना र मानवीय क्षति हुने गरेको र यस समस्यालाई समाधान गर्न पार्टी निर्णय लिने सभापति लामाले बताउनुभयो । जिल्लाभित्रका सबै वडामा कांग्रेस मकवानपुरले अभियान चलाएर गुनासो सुन्ने काम गरेको उहाँले बताउनुभयो । उहाँले सबैजसो स्थानमा युवाहरुले रोजगारीका कुरा उठाएको बताउनुभयो ।

अहिले तीन तहको सरकारले गरेका कामबाट जनताले पूरा सन्तुष्टी नपाएको उहाँको भनाइ छ । यसलाई पार्टीले अपनत्व लिनुपर्ने अवस्था आएको उहाँले बताउनुभयो । सकंलन भएको गुनासोहरुलाई पार्टी र सरकारले आ-आफ्नो तहबाट सक्ने पहल गर्ने उहाँले बताउनुभयो ।






# 'श्री ५ पृथ्वीनारायण शाहको दिव्योपदेश र संक्षिप्त जीवनी' लाई नियाल्दा

**पुस्तक समीक्षा**



आकांक्षा निरौला

इतिहासविद् एवम् प्राध्यापक "दिनेशराज पन्त" प्रधान त्रैमासिक पत्रिका; 'पूर्णिमा' का सम्पादक तथा संशोधन मण्डल का सदस्य हुन् । वि.सं. २००६ कार्तिक ३ गते जन्मिएका उनले "श्री ५ पृथ्वीनारायण शाहको दिव्योपदेश र संक्षिप्त जीवनी" सँगसँगै 'गोरखाको इतिहास', 'वृत्तशतक', 'बुद्धदेखि पहलमानसम्म' आदिजस्ता कृतिहरु पनि लेखेका छन् ।

वि.सं. २०७३ साल आश्विनमा 'प्रा. दिनेशराज पन्त' द्वारा लिखित "श्री ५ पृथ्वीनारायण शाहको दिव्योपदेश र संक्षिप्त जीवनी" नामक कृतिको पहिलो संस्करण प्रकाशित भयो । वि.सं. २०७४ चैतमा यस पुस्तकको फेरी दोस्रो संस्करण पनि प्रकाशित गरियो । ७९ पृष्ठभूमिको यो पुस्तक ज्यादै मनोरम रहेको छ । यस पुस्तकको पहिलो भागमा वि.सं. १७७९ पौषमा जन्मिएका महान् राजा पृथ्वीनारायण शाहको मृत्युभन्दा अघि उनले नुवाकोट दरबारमा आफ्ना भारदारहरुलाई जम्मा पारेर दिएको सम्पूर्ण उपदेशहरु मूलपाठ भनेर गोरखा भाषामा अनि त्यसलाई नेपाली भाषामा अनुवाद गरेर समावेश गरिएको छ । त्यसैगरी यस पुस्तकको दोस्रो भागमा पृथ्वी नारायण शाहको संक्षिप्त जीवनी समावेश गरिएको छ ।

यस पुस्तकमा समावेश गरिएका उपदेशहरु पृथ्वीनारायण शाहको राजतन्त्र हुँदाको समयको भए तापनि आजको यस लोकतन्त्र भएको हाम्रो देशमा समेत ती उपदेशहरु धेरै कुरा सिकाउने खालको नौलो र उत्तम रहेका छन् । जस्तै स्वदेशी वस्तुको निकासी, स्वदेशी कपडाको व्यापार, अन्याय हुन दिनु हुँदैन, गाउँ हटाएर पनि खानी चलाउने, घुस्याहालाई ठोक्नै पर्ने, आदि । यस पुस्तकमा दिएको जीवनीले समेत हामीलाई हाम्रो पुर्खाले गरेको सुकार्य र सङ्घर्ष बारे अवगत गराउँछ । पृथ्वीनारायण शाहबारे लेखिएको यो पुस्तक पढी मनन् गर्दा पृथ्वीनारायण शाह अत्यधिक बुद्धिमान, दूरदर्शी र लोकतान्त्रिक चरित्र भएका महान् व्यक्तिका रूपमा पुष्टि हुन्छन् । आज यदि यस पुस्तकमा दिइएका पृथ्वीनारायण शाहका दिव्यवाणीहरुको सार बुझेर अभ्यासमा ल्याउने हो भने देशको मुहार फेर्न सकिन्छ र देशलाई आत्मनिर्भर बनाउन सकिन्छ । साथसाथै, यस पुस्तकमा पृथ्वीनारायण शाहको जन्म हुनु अघिदेखि उनको मृत्युसम्मको जीवनगाथा र गोरखाको इतिहास समावेश गरिएको छ ।

यस पुस्तकमा अन्तिमका केही पृष्ठभूमिमा दिव्योपदेशको मूलपाठ समेत दिइएको छ । अतः दिनेशराज पन्तद्वारा लिखित यो कृति सर्वोत्कृष्ट र सर्वोत्तम छ । उनले यो कृति तयार पार्न आफ्नै ५ वटा कृतिहरु र अन्य लेखकका २ वटा कृतिहरूको सहयोग लिएका छन् । उनको यो कृति अत्यन्त ज्ञानवर्द्धक छ र पाठकहरुलाई इतिहासबारे र पृथ्वीनारायण शाहले राज्य सञ्चालन गर्न प्रयोग गरेका नीतिहरुबारे प्रचुर ज्ञान प्रदान यस कृतिले प्रदान गर्दछ । अन्ततः "श्री ५ पृथ्वीनारायण शाहको दिव्योपदेश र संक्षिप्त जीवनी" ले पाठकलाई इतिहासप्रेमी बनाउन र हरेक पाठकको मन मस्तिष्कमा देशप्रति अनि पृथ्वीनारायण शाहप्रति सम्मान बढाउन सफल छ । मेरो हिसाबमा, यो सम्पूर्ण नेपालीहरूले आफ्नो हृदयमा देश भक्तिको भाव जगाउन, पुर्खाहरुप्रति सम्मान व्यक्त गर्न, विभिन्न नीतिहरू बारे ज्ञान लिन र पृथ्वीनारायण शाहको जीवनीलाई नजिकैबाट नियाल्न यो पुस्तक पढ्नै पर्छ ।

अन्तिममा, अनन्त ज्ञानको भण्डार भएको र नेपालको एकीकरणको इतिहासलाई शब्दमा सरल तरिकाबाट बयान गरेको हुनाले म तपाईंलाई पनि एक पटक 'प्रा. दिनेशराज पन्त' द्वारा लिखित "श्री ५ पृथ्वीनारायण शाहको दिव्योपदेश र संक्षिप्त जीवनी" पढ्न सुझाव दिन्छु ।

*कक्षा-९, जीएस निकेतन मावि हेटौंडा-५*

# भ्रष्टचार एक महारोग



ओशिका सुबेदी

सामाजिक संरचनाको छायाँमा, भ्रष्टाचार एक महारोगको रुपमा लुकेको छ । यसले विश्वास, न्याय र नैतिक शासनको आधारमा क्षती पुर्याउछ । संक्षारक उपस्थितिको साथ, यसले लोकतन्त्रको जगलाई कमजोर बनउाँछ र सामाजिक तथा आर्थिक प्रगतिको बाटोमा बाधा पुर्याउँछ । यस निबन्धले भ्रष्टाचारको गम्भीरता यसको परिणाम र यस महारोगलाई उन्मूलन गर्न सामूहिक कार्यको तत्काल आवश्यकतामा प्रकाश पार्ने उद्देश्य राखेको छ ।

भ्रष्टाचारको प्रणालीगत प्रकृतिले यसलाई महारोगको नाम दियो जसले समाजको हरेक पक्षलाई संक्रमित गर्छ । भ्रष्टाचारले अविश्वसाको धारणा प्रकट गर्छ किनभने नागरिकहरुले आफ्ना नेताहरुमाथि विश्वास गुमाउँछन् । यसले धनी र गरिब बिचको खाडल फराकिलो बनाउँछ, असमानतालाई निरन्तरता दिन्छ र दिगो विकासमा बाधा पुर्याउँछ । यसका प्रभाव अन्तर्गत विदेशी लगानीलाई भ्रष्टाचारले निरुत्साहित गर्छ, त्यसैगरी पूर्वधार, स्वास्थ्य सेवा र शिक्षाको लागि छुट्याइएको स्रोतहरु विचलित गर्दछ । आधारभूत आवश्यकता, अवसर र न्यायमा पहुँच मौद्रिक लाभ र व्यक्तिगत सम्बन्धमा निर्भर हुने प्रणाली सिर्जना गरेर भ्रष्टाचारले सामाजिक अन्यायलाई निरन्तरता दिन्छ ।

गरिब र सीमान्तकृतहरु सबैभन्दा बढी पीडित छन् किनभने उनीहरु भ्ष्ट अभ्यासका कारण आफ्नो अधिकार र आधारभूत सुविधाहरुबाट वञ्चित छन् । यसले गरिबी, अशिक्षा, सामाजिक अशन्तिलाई अझ बढाउँछ । भ्रष्टाचार नियन्त्रणमा शिक्षाले महत्वपूर्ण भूमिका खेल्छ । पारदर्शिता, जवाफदेहिता र नैतिक मूल्यमान्यताको प्रवर्द्धन गरेर शिक्षाले व्यक्तिमा इमान्दारी र नैतिक जिम्मेवारीका भावना जगाउन सक्छ ।

भ्रष्टाचार विरुद्धको लडाइमा एकता आवश्यक छ । सरकार नागरिक समाज संगठनहरु र व्यक्तिहरुके बलियो कानुनी ढाँचाहरु सिर्जना गर्न भ्रष्टाचार विरोधी संस्थाहरुलई बलियो बनाउन र नागरिक संलग्नतालाई प्रोत्साहित गर्न सहयोग गर्नुपर्छ । सूचना आदानप्रदान र संयुक्त अनुसन्धान जस्ता सहयोगी प्रयासहरुले सीमाना नागरे भ्रष्टाचारको अन्तराष्ट्रिय सञ्जाललाई हटाउन सक्छ ।

अन्त्यमा, भ्रष्टाचार एक महारोग हो जसले समाजको जगलाई कमजोर बनाउँछ, आर्थिक प्रगतिमा बाधा पुर्याउँछ र असमानतालाई बढाउँछ । यस व्यापक समस्यालाई सम्बोधन गर्न कानुनी सुधार, संस्थागत सुदृढीकरण, शैक्षिक पहल र अन्तराष्ट्रिय सहयोग समेटेर ठोस प्रयास आवश्कय छ । सामूहिक कार्यबाट मात्र भ्रष्टाचारको फैलावटलार्य रोक्न र भावी पुस्ताका लागि अझ समतामूकल संसार निर्माण गर्ने आशा गर्न सकिन्छ ।

*कक्षा ९, नवोदय शिशु सदन*

# हलेसी महादेव दर्शन

**(यात्रा संस्मरण)**



आध्या कोईराला

हामी अवलोकनका लागि कोशी प्रदेशको खोटाङ जिल्लाको हलेसी तुवाचुङ नगरपालिका वडा नं. ७ स्थित हलेसी महादेव मन्दिर गएका थियौं । अवलोकनमा मेरी आमा, बुबा, ठूलोबुबा, ठूलीआमा, दादा, भाउजु, हजुरबुवा, म, बहिनीहरु सहभागी थियौं । असोज १७ गते शुक्रबार मोरङ जिल्लाको झोराहाटबाट खोटाङ जिल्लाको हलेसीसम्म पुगियो । अवलोकन भ्रमणको योजना ठूलोबुबाले बनाउनु भएको थियो । हाम्रो मुख्य उद्देश्य हलेसी मन्दिरको दर्शन गर्नु थियो ।

अवलोकनका लागि जाँदै गर्दा मैले बाटोमा इनरुवा, चतरा, गाईघाट बजार आदि देखेँ । गाईघाट बजारमा गाईको मूर्ति राखिएको चोक रहेछ । त्यहाँ हामीले फोटोहरु खिच्यौं, खाजा खायौं । बिहान ७:३० मा हामी फेरि हाम्रो यात्रा अगाडि बढायौं । गाईघाट बजार कट्ने बित्तिकै उकालो, घुमाउरो बाटो शुरु भयो । मलाई मनमा निकै रमाइलो भइरहेकाले मैले बाबासँग मोबाइल मागेँ अनि तस्वीरका साथै भिडियो पनि लिएँ । बिहान ११ बजेतिर फेरि हामीले घरबाट लगेको खाजा खायौं । यो खाँदा मलाई साथीहरुसँग वनभोज खाएको याद आयो ।

फेरी हामीले हाम्रो यात्रा अगाडि बढायौं । बाटामा सुनकोशी नदी, रेग्मीटार पर्दो रहेछ । ढुंगाको बाटो छेउमै सुनकोशी नदी, सुख्खा डाँडा हेर्दा डर र रमाइलो लाग्दो रहेछ । घरि उकालो घरि ओरालो अनि धुलो बाटो यस्तै-यस्तै गर्दै हामी खोटाङको हलेसी दिउँसो ३ बजेतिर पुग्यौं । होटलमा सामान राखेर हामी मन्दिर परिसर घुमेर, साँझको आरतीमा पनि सहभागी भयौं । बिहान ६ बजे मन्दिर खुल्दो रहेछ । हामी पनि बिहान ५:३० मा मन्दिर पुग्यौं ।

लगभग एक घण्टा जति लाइनमा बसेर हलेसी महादेवको दर्शन गर्‍यौं । हलेसी महादेवको मन्दिरका लागि प्रसिद्ध रहेछ । मलाई त्यो ठाउँ राम्रो लाग्यो । मैले त्यस ठाउँ चमेरो गुफा, पापद्वार, धर्मद्वार आदि देखेँ । हामीले त्यस ठाउँमा मन्दिर दर्शन गर्‍यौं । हामीलाई त्यहाँसम्म पुग्न हामीले नै रिजर्भ गरेको गाडीले सहयोग गर्‍यो । त्यस ठाउँमा मानिसहरु महादेवको मन्दिर दर्शन गर्न जाँदा रहेछन् । त्यस ठाउँलाई पूर्वको पशुपतिनाथ पनि भनिँदो रहेछ ।

हलेसी महादेव मन्दिर वरपरको भू-बनोट अचम्म लाग्दो रहेछ । घना जंगल, जंगलको बीचमा रहेको गुफाले भक्तजनको मनै लोभ्याउँदो रहेछ । एक पटक पुग्नै पर्ने हलेसी महादेवको मन्दिर पूर्वी नेपालको कोशी प्रदेशको प्रसिद्ध धार्मिक तीर्थस्थल रहेछ ।

*कक्षा-५, बालजागृति इंग्लिस सेकेण्डरी स्कूल, हेटौंडा-२*

# विद्यार्थी परिचय



**सविन विष्ट**
**कक्षा-१०, भुटनदेवी मावि, हेटौंडा-४**

सविन बिष्ट हेटौंडा-४ स्थित भुटनदेवी माध्यमिक विद्यालयमा कक्षा १० मा पढ्नु हुन्छ । सविनको घर भीमफेदी गाउँपालिका-२, भैंसेमा रहेको छ । सविन पढ्नकै लागि हेटौंडामा कोठा भाडामा लिएर बस्नुभएको छ । हेटौंडामा सविन आफ्नी दिदिसँग बस्नु हुन्छ । सविनको घरमा ममी, बाबा, २ जना दिदी गरी ५ जना हुनुहुन्छ ।

सविनको आमा कृषि पेशा गर्नुहुन्छ । बाबा विदेशमा हुनुहुन्छ । सविनको दुबै दिदी स्नातक तहमा अध्ययनरत हुनुहुन्छ । सविनको पढाई र अरुप्रति गर्ने व्यवहार निकै राम्रो रहेको छ । सविन अतिरिक्त क्रियाकलापमा खासै सहभागी नहुने रहेछन् । सविनलाई भलिबल, फूटबल जस्ता खेलमा धेरै रुचि छ । सविन मनोरन्जनका लागि कथा पढ्ने, फूटबल खेल्ने गर्नुहुन्छ । उहाँ एसईईका लागि निकै राम्रो तयारी गर्दै हुनुहुन्छ ।

एसईईमा राम्रो नतिजा हासिल गर्नका लागि सविनले रुटिन बनाएर पढ्ने गर्नुभएको छ । सविनले आफुले जानेको कुरा साथीहरुलाई सिकाउनु हुन्छ । सविन इन्जिनियर भएर दुर्गम क्षेत्रमा गएर पक्की घर बनाउने, निशुल्क घरको नक्सा बनाएर सहयोग गर्ने उहाँको योजना छ । उहाँ विदाको समयमा घर गएर आमालाई कृषिमा सहयोग गर्नुहुन्छ ।

# पढाई

सिजोन पाठक

हामी सबै मिलेर
विद्यालय जान्छौँ
ज्ञानको ज्योति बाली
देशलाई सिंगाछौँ

पढाइ बिना हामी
ठुलो मान्छे बन्दैनौं
त्यसैले साथीभाइ
पढ्ने बानी बसालौँ

पढेर ठूलो भई
हुन्छु म पाइलट
चराजस्तै उडेर
हुन्छु म गद्गद्

सुन सुन साथी हो
पढ्नु हाम्रो उद्देश्य
पूरा गर्छ यसले
यो जीवनको लक्ष्य


*कक्षा-६, कमाने एकेडेमी, हेटौंडा-८*

**बुधबारे बालसाहित्य विशेषबारे**

यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं । आशा छ हामीले विद्यार्थीलाई अध्ययन र लेखनमा प्रेरित गर्न सकारात्मक योगदान गर्न सक्नेछौं ।

**सम्पादक ।**

# चित्रकला





सौरभ अर्याल, कक्षा-७, पशुपतिनाथ मावि, मनहरी-४






सजना घलान
कक्षा-६, निर्मल मावि, हेटौंडा-१९






सुयोग श्रेष्ठ
कक्षाः- ४, ब्रम्हदिक् एकेडेमी, हेटौंडा-४





अनशुन्स श्रेष्ठ
नबोदय शिशु सदन, कक्षा -२

# सगरमाथाको काखमा मेरो मृत्यु होस्



**सरोजप्रसाद साह**

राष्ट्र हाम्रो जाग्दै छ, हामी पनि जागौँ
नयाँ नेपालको आगमन, धुमधामले गरौँ



विज्ञानको यो युगमा, विजयी बन्नु छ
नयाँ नेपालको सपना, साकार गर्नु छ

शान्ति, धर्म, शास्त्र, विज्ञान पनि होस्
यो चन्द्र-सूर्य झण्डा अन्तरिक्षमा गाडियोस्

उचाइ हाम्रो होस् तर गौरव राष्ट्रिय होस्
नेपालीका यी आँखाहरू, सदा चम्किरहोस्

गङ्गालाल जस्ता पुत्र सबैका घरमा होस्
अभिमान हिमालको यो देश कहिल्यै नभुकोस्
तराई पहेँलो, हरियो पहाड, हिमाल सेतै होस्
मेरो राष्ट्रको सुन्दरता, सदा बढिरहोस्



शरीर मेरो होस्रु तर रगत बुद्ध होस्
यही नेपाली माटोमा मेरो मृत्यु होस्

सगरमाथाको हिममा, मैलो पाइला नचुवोस्
सगरमाथाको काखमा, मेरो मृत्यु होस्
शरीर मेरो होस्रु, तर रगत बुद्ध होस्
सगरमाथाको काखमा, मेरो मृत्यु होस्

# मेरो परिचय



**मरियम चेपाङ**

नाम मेरो मरियम चेपाङ्ग
रातो मलाई मनपर्ने रङ्ग
उमेर मेरा वर्ष सात
मिहिनेत गरेर पढ्छु दिन-रात

घर मेरो गाउँपालिका मनहरी
असल मान्छे बन्ने सपना मनभरी
जिल्ला मेरो मकवानपुर
परिश्रम गरी पढ्छु भरपुर

पढ्ने कक्षा मेरो तीन
विद्यालय पुग्छु म हरेक दिन
विद्यालयको नाम हो पशुपति
गृहकार्य पूरा गर्छु पाए जति

परिवार संख्या मेरो सात
पालनपोषणमा छ परिवारको हात
ज्ञान दिने मलाई शिक्षकको साथ
एक दिन अवश्य बनाउनेछु उच्च देशको माथ

*कक्षा-३, पशुपतिनाथ मावि, मनहरी-४*

# दुखियाको बिलौना



**कृष्ण कुमार वैद्य**

एक एक गरि गए सात समुन्द्र पारी ।
काम गर्ने कोही छैन बाँझो खेतबारी ॥
कमाउन भनी गएका उतै प्याराप्यारी ।
छैन सुख शान्ति कतै दुःखको भकारी ॥
जोगाउन नि मुस्किल एक मुी सास ।
जोहो गर्न गाऱ्हो गाँस बास कपास ॥
धन हुनेलाई सर्वत्र धनमा धनकै रास ।
नहुनेलाई कतै नै केहीपनि छैन आस ॥
भोक प्यास हुँदा नि चुलोचौको रित्तो ।
टोलाएर हेर्नु छ सधैँ दलिन र भित्तो ॥
ऋणमा जग्गा जमिन सबै राखे धितो ।
झुटो बिक्दो रहेछ सत्य कुरो तितो ॥
बढ्या छ विदेश जाने दिनदिनै लर्को ।
रोजगार नहुँदा विकल्प पाएन अर्को ॥
दुखियाको बिलौनामा नमान्नु झर्को ।
मेटाउनु पर्छ धनी गरिब बीच धर्को ॥
भावी पुस्ताले भएपनि पाउन् सुख ।
पौरखमा बाँचौं नताकौं अरूको मुख ॥
दुनियाँमा कतै हुँदैन पैसाको रूख ।
सबको उन्नति भएमा तर्दछ दुःख ॥

*बनेपा-९, काभ्रे*

# आमा



**रीति फुयाल**

म अक्षर हुँ, तिमी त्यही अक्षरको भाषा हौ
स्नेह, प्रेम अनि त्यागको तिमी परिभाषा हौ
सूर्यको प्रकाश तिमी, जुनको शितलता पनि तिमी
सागरको बहाव अनि हिमालको अटलता पनि तिमी ।

आज म संसार हेर्छु, संसार हेर्ने दुर्बिन आमा
उचाईतिर लम्कन्छन् पाइला, पाइला टेक्ने धर्ती आमा
दिनभरिको थकाइलाई अढेस लाउने थलो आमा
चार भित्ताको गारोलाई अढेस लाउने किलो आमा ॥

थुङ्गा दिन्छु उनलाई म, माला बुनी सजाइदिन्छिन्
मेरो पेट भराएर उनी त्यसै अघाई दिन्छिन्
आमा छेउमा बसेपछि पीडाहरुको नदि सुक्छ
मलम बनी आउँछिन् उनी जब मेरो मन दुख्छ ॥।

वेद अनि पुराणको सिलोकमा छौ कि तिमी
नबोलेरै बुझिदिने अन्तर्यामी हौ कि तिमी
अन्धकार ढाकी पछ्यौरीले उज्यालो छरिदिने तिमी
झिनो मेरो मुटुभित्र विशाल साहस भरिदिने तिमी ॥॥

जगत, जननी त्यागको मूर्ति ममताकी खानी
कोमल, संवेदनशील मन भएकी एकलौटी रानी
चौतारी हो तिम्रो कोमल हृदय मेरो दुख बिसाउन
एक जुनी काफी छैन आमा ममताको मूल्य चुकाउन ॥॥।

उमेर चाहे जत्तिनै बढ्दै गएपनि अहिले
एउटा सानो घाउ लाग्दा तिमीलाई नै सम्झन्छु पहिले
तिम्रो हरेक दुखमा बन्छु म तिम्रो छाया
कसैले दिन सक्दैन आमा तिम्रो जस्तो निस्वार्थ माया ॥॥॥

*हेटौंडा स्कूल अफ म्यानेजमेन्ट, हेटौंडा-४*



सामुदायिक रेडियो,
रेडियो निकास ९३.४
मेगाहर्ज सुनौं र सुनाऔं

# भ्रष्टाचारीहरुले भरिएको देश



**अनुप्रस्था देवकोटा**

भ्रष्टाचारी अहिले देशको शान्ति र न्यायमूर्ति चोर
धनको लोभले अहिले असत्यको मोहर
देश नै बेचिसकेका छन् भ्रष्टाचारको दरबारमा
भ्रष्टाचारलाई हटाउने हुन्छ सत्यवादीको विचारमा ।

भ्रष्टाचारीहरुले गर्दा यो देशको विनाश भइसक्यो
जतातत्तै अशान्ति र असत्यता छाइसक्यो
देशलाई राम्रो बनाउँछ भनेर गर्छन्, यहाँ भाषण
पछि त्यहि भ्रष्टाचारीहरुले गर्ने हो अत्याचारी शासन

आजकल देशभरि भ्रष्टाचारी नेताहरु फैलिन्छन्
तर त्यही नेताहरुलाई जिताई माला लाइदिन्छन्
यहाँ गरिबलाई ज्वरो आउँदा औषधी नपाएर मर्छ
जस्तो व्यवहार नेताले गरे पनि सहनै पर्छ ।

देशलाई स्विट्जरल्याण्ड बनाउँछु भन्ने भाषण धेरै भयो
भ्रष्टाचारीले जनतालाई लुटेर खाने दिन गयो
भ्रष्टाचारीले सबैलाई लुटेर भरे आफ्नो झोला
यस्तै हुने हो भने अब यो देशको के होला ?

*कक्षा-९, बालजागृति इंग्लिस सेकेण्डरी स्कूल, हेटौंडा-२*

# पानी



**आशिष सहनी**

पानीले गर्दा जिवन हाम्रो चल्दछ अहिले
दृष्ट गरी १ वर्ष गर्छौं जिवन हामीले

मेटाउछ प्याल मेटाउछ तिर्खा सबैको त्यहाँ
जो बसेको हुन्छ कुरेर त्यहाँ


सबै ज्यान सबै प्राण छ यसैको हातमा
जिवन हाम्रो चल्दैन जब यो हुँदैन साथमा

पहाड, हिमाल र अनेकौ प्रदेशमा
छरेको हुन्छ सुन्दरता सबैमा


पानी नै हो सर्वश्रेष्ठ प्राणी
पानी नै हो जिवनको रानी

जति धेरै पानी त्यति
धेरै जिन्दगानी हामी सबैको

*कक्षा ९, नवोदय शिशु सदन*




# चित्रकला





समृद्धि श्रेष्ठ
कक्षा-२, ब्रहमदिक् एकेडेमी, हेटौंडा-४





सृष्टी श्रेष्ठ
एलकेजी, लिटिल बड्डी प्रि-स्कुल, हेटौंडा-४

# भोगाई

पैसा नभएको पर्स बोकेर
हिँडेको बेला चुँडिएको
चप्पललाई ल्याक्टो चकलेटको
खोलले बाँधेर पनि हिँडियो ।

खाजा खाने पैसा नै नभएर
कसैले खाजा खायौ कि नाई
भन्दा भर्खर खाएको हो
धेरै चोटी भनियो ।

तर पैसाका लागि
स्वाभिमान बेचिएन
बरु बेचियो
दुइचार थान खुसीहरु



**आदित्य कुमार**

*कक्षा-१०, भुटनदेवी मावि, हेटौंडा-४*

हेटौंडा रिफरेन्स ल्यावरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।

Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)
खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशुल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।
थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

### विद्यालयस्तरीय टी-२० क्रिकेट प्रतियोगिता सुरु

# उद्घाटन खेलमा बालजागृतिको विजयी सुरुवात



समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्ला क्रिकेट संघको आयोजनामा हेटौंडामा स्वर्गीय निरज श्रेष्ठ स्मृति दोस्रो विद्यालयस्तरीय टी-२० क्रिकेट प्रतियोगिता सुरु भएको छ। मंगलबारबाट सुरु भएको प्रतियोगिताको उद्घाटन हेटौंडा उपमहानगरपालिका प्रमुख मीनाकुमारी लामाले गर्नुभयो ।

उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै नगर प्रमुख लामाले खेलकुद क्षेत्रको विकास गर्ने कार्यमा उपमहानगरपालिका सधैं अगाडि बढिरहेको बताउनुभयो। खेलकुद क्षेत्रको विकास गर्न स्थानीय तहलाई बलियो बनाउनुपर्ने उहाँले बताउनुभयो ।

बागमती प्रदेश खेलकुद विकास परिषद्का सदस्यसचिव सूर्यलाल भण्डारीले विद्यालयस्तरबाट उत्पादन भएका खेलाडीहरु प्रदेश हुँदै राष्ट्रियस्तरको प्रतियोगितामा सहभागी हुने विश्वास व्यक्त गर्नुभयो । क्रिकेट खेलको विकासका लागि रेफ्री तालिम सञ्चालन गर्ने उहाँले बताउनुभयो । मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले चितवनको गौतम बुद्ध क्रिकेट रंगशाला निर्माण कार्यलाई अगाडि बढाउने निर्णय गरेको उहाँले बताउनुभयो ।

हेटौंडा-४ स्थित हुप्रचौरमा सुरु भएको प्रतियोगिताको उद्घाटन खेलमा हेटौंडा-२ को बालजागृति बोर्डिङ ८ विकेटले विजयी भएको छ। टस जितेर पहिले ब्याटिङ गरेको जेनिथ इन्टरनेशनल बोर्डिङले ११ ओभर २ बलमा सबै विकेट गुमाएर ४९ रनको लक्ष्य दिएको थियो । जेनिथको तर्फबाट साजन मोक्तानले सर्वाधिक १४ रन बनाएका थिए। आवास थापा, स्वप्निल श्रेष्ठ र हिमेश घलेले समान ४-४ रन बनाएका थिए । बालजागृतिको तर्फबाट अरुण पुरीले ३ विकेट लिएका थिए भने प्रसिद्ध तिमल्सिना र सफल दहालले समान २-२ विकेट लिएका थिए ।

जवाफी ब्याटिङ गरेको बालजागृतिले ५ ओभर २ बलमा २ विकेट गुमाएर ५२ रन जोड्न सफल भएको हो। बालजागृतिको तर्फबाट बिनाआउट रोचन बानियाँले १७ र प्रज्ञान सुवेदीले १६ रन जोड्न सफल भएका हुन्। जेनिथ बोर्डिङको तर्फबाट आवास थापाले मात्र २ विकेट लिएका छन् । खेलको म्यान अफ द म्याच बालजागृतिका अरुण पुरी घोषित भएका छन् ।

मंगलबारै भएको दोस्रो खेलमा हेटौंडा-१० स्थित सोलिड्यारिटी इन्टरनेशनल बोर्डिङ ८ विकेटले विजयी भएको छ । टस जितेर पहिले ब्याटिङ गरेको मकवानपुर गढी गाउँपालिकाको भानु माध्यमिक विद्यालयले १३ ओभर २ बलमा सबै विकेट गुमाएर सोलिड्यारिटीलाई ५६ रनको लक्ष्य दिएको थियो । भानु माविको तर्फबाट निश्चल चौलागाईंले २३ रन र प्रकाश लामाले ७ रन बनाएका थिए। सोलिड्यारिटीको तर्फबाट सचिन यादवले सर्वाधिक ३ विकेट लिएका थिए। सत्यम् यादव, रुपेश पटेल र सुरज यादवले समान २-२ विकेट लिएका थिए।

जवाफी ब्याटिङमा उत्रिएको सोलिड्यारिटी बोर्डिङले ५ ओभर २ बलमा २ विकेट गुमाएर ६३ रन बनाएको थियो। सोलिड्यारिटीका पंकजराज पटेलले सर्वाधिक २७ रन बनाएका थिए । सत्यम् यादवले १४ रन बनाएका थिए भने आदित्य सिंह र नन्द किशोरले समान २-२ रन बनाएका थिए। भानु माविको तर्फबाट प्रकाश लामा र दुल्लभ कुमारले समान १-१ विकेट लिएका थिए । खेलको म्यान अफ द म्याद सोलिड्यारिटीका सत्यम् यादव घोषित भएका छन् ।

मकवानपुर जिल्ला क्रिकेट संघका सदस्य संजोक पोखरेलको संयोजकत्वमा सुरु भएको प्रतियोगितामा १३ वटा विद्यालयको सहभागिता रहेको छ। प्रतियोगिताअन्तर्गत् आज बुधबार ३ खेल हुनेछ। पहिलो खेलमा हेटौंडा-२ स्थित भूटनदेवी माध्यमिक विद्यालय र हेटौंडा-११ स्थित हेटौंडा एकेडेमीबीच प्रतिस्पर्धा हुनेछ । दोस्रो खेलमा हेटौंडा-५ स्थित जीएस निकेतन बोर्डिङ र कमाने एकेडेमीबीच प्रतिस्पर्धा हुनेछ भने तेस्रो खेलमा बालजागृति बोर्डिङ र हेटौंडा-५ स्थित सिद्धार्थ शिशु सदनबीच प्रतिस्पर्धा हुनेछ।

लिग कम नआउटको आधारमा सञ्चालन भएको प्रतियोगिको फाइनल खेल फागुन ५ गते हुनेछ। प्रतियोगितामा समूह चरणको खेल १५ ओभरको हुनेछ भने सेमिफाइनल र फाइनल खेल २० ओभरको हुनेछ । प्रतियोगिता आयोजनाका लागि विभिन्न व्यक्ति तथा संस्थाबाट सहयोग प्राप्त भएको छ। प्रतियोगितामा करिब ६ लाख रुपैयाँ खर्च हुने अनुमान आयोजकको छ।

प्रतियोगिताको उपाधि विजेता टिमले ४० हजार रुपैयाँ र उपविजेता टिमले २० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । प्रतियोगिताका वेष्ट बलर र वेष्ट ब्याट्सम्यानले ३ हजार रुपैयाँ प्राप्त गर्नेछन् । खेलको म्यान अफ द सिरिज घोषित हुने खेलाडीले ५ हजार रुपैयाँ पाउनेछन् ।

मकवानपुर जिल्ला क्रिकेट संघका अध्यक्ष करण महत्रा क्षेत्रीको सभाध्यक्षतामा सुरु भएको प्रतियोगितामा प्रदेश खेलकुद विकास परिषद्का सदस्य माधव तिमल्सिना, जिल्ला खेलकुद विकास समितिका अध्यक्ष वेष खड्गी, बागमती प्रदेश फुटबल संघका महासचिव लवराज ठकुरी, मकवानपुर जिल्ला क्रिकेट संघका पूर्वअध्यक्ष वासुलाल श्रेष्ठ र हेटौंडा स्कूल अफ म्यानेजमेन्टका प्रिन्सिपल पुरणबहादुर जोशीलगायतको आतिथ्य रहेको थियो ।

# निजी विद्यालयमा एसईई अभ्यास परीक्षा सकियो




समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्लाका निजी विद्यालयहरुमा एसईई अभ्यास परीक्षा सोमबार सकिएको छ। माघ १४ गतेदेखि सुरु भएको अभ्यास परीक्षामा जिल्लाका ३८ वटा निजी विद्यालयका एक हजार दुइ सय ४२ विद्यार्थी परीक्षामा सहभागी भएका थिए । परीक्षा फारम भरेका मध्ये ७ जना विद्यार्थी अनुपस्थित रहेको प्याब्सन मकवानपुरका अध्यक्ष विनोद सुवेदीले जानकारी दिनुभएको छ ।

निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल (प्याब्सन) ले देशभर एकसाथ अभ्यास परीक्षा सञ्चालन गरेको प्याब्सन मकवानपुरका अध्यक्ष विनोद सुवेदीले जानकारी दिनुभएको छ। सौहार्द्रपूर्ण वातावरणमा अभ्यास परीक्षा सकिएको उहाँले जानकारी दिनुभयो । विद्यार्थीको अवस्था मूल्यांकन गर्न र परीक्षाको भयलाई कम गर्न पनि अभ्यास परीक्षा गरिएको प्याब्सन मकवानपुरका अध्यक्ष सुवेदीको भनाइ छ । प्याब्सनले फरक विद्यालयमा परीक्षा केन्द्र तोकेर विद्यार्थीका लागि अभ्यास परीक्षा सञ्चालन गरिएको उल्लेख गर्नुहुँदै अध्यक्ष सुवेदीले भन्नुभयो, "अभ्यास परीक्षाको नतीजा माघ महिनाको अन्त्यसम्ममा सार्वजनिक गरेर एसईईका लागि विद्यार्थीलाई अझ सक्षम तुल्याउन आवश्यक तयारी गर्ने अवसर विद्यार्थी, विद्यालय र अभिभावकलाई रहनेछ ।"

मकवानपुर जिल्लामा ८ वटा परीक्षा केन्द्र निर्धारण गरेर परीक्षा सञ्चालन गरिएको थियो । हेटौंडा उपमहानगर पालिकामा ५ वटा, थाहा नगरपालिकामा दुइ वटा र मनहरी गाउँपालिकामा एउटा परीक्षा केन्द्र निर्धारण गरिएको थियो । हेटौंडामा हेटौंडा-२ स्थित बालजागृति इंग्लिस सेकेण्डरी स्कूल, हेटौंडा-५ स्थित सिद्धार्थ शिशु सदन, हेटौंडा-७ स्थित तासिर इंग्लिस स्कूल, हेटौंडा-१० स्थित तुल्सीमेहर मेमोरियल स्कूल र सोलिड्यारिटी इन्टरनेशनल एकेडेमी रहेको छ । थाहा नगरपालिकामा पालुङ बहुमुखी क्याम्पस र बज्रबाराही माविमा परीक्षा केन्द्र निर्धारण गरिएको थियो भने मनहरी गाउँपालिकामा राष्ट्रिय माविमा परीक्षा केन्द्र निर्धारण गरिएको प्याब्सन मकवानपुरका अध्यक्ष विनोद सुवेदीले जानकारी दिनुभयो । बिहान ७ बजेबाट परीक्षा सुरु हुने तालिका बनाइएको थियो। राष्ट्रिय परीक्षा बोर्डले चैत १५ गतेदेखि एसईईको तालिका सार्वजनिक गरेको छ।

# रक्तदाता समाज हेटौंडा नगर अध्यक्षमा अर्याल

समाज संवाददाता

हेटौंडाः नेपाल स्वयम्सेवी रक्तदाता समाज हेटौंडाको अध्यक्षमा पूर्णप्रसाद अर्याल चयन हुनुभएको छ । मंगलबार समाजको हेटौंडा नगर समिति गठनका लागि भएको रक्तदाताहरुको भेलाले अर्यालको अध्यक्षतामा सर्वसम्मत ९ सदस्यीय नगर समिति चयन गरेको हो ।

नेपाल स्वयम्सेवी रक्तदाता समाज मकवानपुर शाखाको आयोजनामा कार्यक्रम भएको थियो । समाजको उपाध्यक्षमा सानुकाजी पाण्डे, सचिवमा राजेश वाग्ले र कोषाध्यक्षमा सानुकाजी बस्ताकोटी चयन हुनुभएको समाजको मकवानपुर जिल्ला अध्यक्ष सुरेन्द्रमान प्रधानले जानकारी दिनुभयो। कार्यक्रममा समाजका केन्द्रीय अध्यक्ष प्रेमसागर कर्माचार्यको प्रमुख आतिथ्य रहेको थियो ।

केन्द्रीय अध्यक्ष कर्माचार्यले नेपालीले जुनसुकै ब्लड ग्रुपको रगत प्रयोग गरेबापत पैसा तिर्नुपर्ने संस्कारअन्त्य हुनुपर्ने बताउनुभयो । नवगठित नगर समितिले हेटौंडाका बिरामीलाई रगतका लागि बाहिर जान नपर्ने व्यवस्था मिलाउन आग्रह गर्नुभयो। नेपालमै सबभन्दा बढी एक सय ७६ पटक रक्तदान गर्नुभएका कर्माचार्यले निःशुल्क रगत उपलब्ध गराउन सरकार सँग माग गर्दै आएको जानकारी दिनुभयो।

कार्यक्रममा समाजको मकवानपुर अध्यक्ष प्रधानले धेरै व्यक्तिमा रगत किन्नुपर्ने बुझाई रहेको बताउनुभयो । निःशुल्करुपमा रक्तदान गरेर संकलन भएको रगतको शुल्क लिने कार्यविरुद्ध समाजले आन्दोलन गरिरहेको उहाँले बताउनुभयो । मुलुकभर आवश्यक रगत उपलब्ध गराउने र विभिन्न परीक्षणको नाममा पैसा लिने संस्कार अन्त्य गर्ने उद्देश्यले समाजको स्थापना भएको उहाँको भनाइ छ। स्वयम्सेवी रक्तदाता समाजले विभिन्न संस्थाले गरेको रक्तदान कार्यक्रममा साथ र सहयोग गर्ने गरेको अध्यक्ष प्रधानले जानकारी दिनुभयो ।

हेटौंडा उपमहानगरमा रगतको अभाव भएको र त्यसलाई सहजीकरण गर्ने उद्देश्यले समिति गठन भएको बताइएको छ । समितिको कार्यकाल ३ वर्षको हुनेछ । नवनिर्वाचित अध्यक्ष अर्यालले हेटौंडा उपमहानगर तथा मुलुकमा रगतको अभाव हुन नदिन आवश्यक कार्य गर्ने जानकारी दिनुभयो। नेपाल स्वयम्सेवी रक्तदाता समाज मकवानपुर शाखा १३ वर्षदेखि पालुङमा गठन भई विभिन्न गतिविधि सञ्चालन गरिरहेको छ।

# क्रिकेट रङ्गशालाका लागि प्रदेश सरकारको बजेट सुनिश्चित

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश सरकारले चितवनमा निर्माणाधीन रहेको गौतम बुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रङ्गशाला निर्माणका लागि आवश्यक बजेट सुनिश्चित गरेको छ। मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले रङ्गशाला निर्माणका लागि भरतपुर महानगरसँगको सम्झौताअनुसारको स्रोत सुनिश्चितता गर्ने निर्णय गरेको हो ।

गत कात्तिक २१ गते मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा रङ्गशाला निर्माणका लागि भरतपुर महानगरपालिकाले तयार गरेको ७५ करोड रुपैयाँको लागत अनुमानमा प्रदेश सरकारले ७० र महानगर पालिकाले ३० प्रतिशत रकम बेहोर्ने सम्झौता भएको थियो । महानगर पालिकासँगको सम्झौताअनुसार प्रदेश सरकारले रंगशालाका लागि ५२ करोड ५० लाख रुपैयाँ सुनिश्चितता गरेको मुख्यमन्त्री शालिकराम जम्कट्टेलले बताउनुभयो ।

बैठकले भरतपुर महानगरपालिकालाई रङ्गशाला निर्माण कार्यका लागि ठेक्का प्रक्रिया अघि बढाउन आग्रहसमेत गरेको छ। मन्त्रिपरिषद् बैठकले राष्ट्रिय योजना आयोगले माग गरे अनुसार संघीय समपूरक र विशेष अनुदानको लागि योजना सिफारिस गर्ने निर्णय गरेको छ।

बैठकले समपूरक र विशेष अनुदानका लागि १०/१० वटा योजना सिफारिस गर्ने निर्णय गरेको हो । बैठकले अघिल्लो आर्थिक वर्षमा निर्माण कार्य सम्पन्न भएर भुक्तानी हुन बाँकी रहेका योजनाहरुको भुक्तानी दिने निर्णय गरेको छ।

# १६१७ जनाको आँखा परीक्षण




समाज संवाददाता

हेटौंडाः लायन्स क्लब इन्टरनेशनल डिस्ट्रिक्ट ३२५ एस नेपाल र क्युर ब्लाइण्ड हिमालयन कन्ट्र्याक प्रोजेक्टको संयुक्त आयोजना विभिन्न ठाउँमा निःशुल्क आँखा शिविर भएको छ । हेटौंडा सामुदायिक आँखा अस्पतालको प्राविधिक सहयोगमा गएको शनिबारदेखि सुरु भएको निःशुल्क आँखा परीक्षण शिविरमा मंगलबारसम्म १ हजार ६ सय १७ जनाको आँखा परीक्षण गरिएको हो ।

लायन्स क्लब इन्टरनेशनल डिस्ट्रिक्ट ३ सय २५ एस नेपाल, एरिया २ अन्तर्गत् क्रियाशील सम्पूर्ण लायन्स क्लब तथा लियो क्लबहरुको सहकार्यमा विभिन्न स्थानमा भएको आँखा परीक्षण शिविरमा २ सय ५० जना मोतिबिन्दुका बिरामीहरु पहिचान भएका छन्। पहिचान भएका सबै मोतिविन्दुका बिरामीहरुलाई हेटौंडा सामुदायिक आँखा अस्पतालमा बुधबार र बिहीबार शल्यक्रिया गरिने लायन्स क्लब इन्टरनेशनल डिस्ट्रिक्ट ३ सय २५ एस नेपाल, एरिया २ का एरिया चिफ जेपी यादवले बताउनुभयो । मोतिबिन्दुका बिरामीहरुको शल्यक्रिया, आवास, खाना, यातायातलगायत कुनै पनि खर्च नलाग्ने एरिया चिफ यादवले बताउनुभयो ।

लायन्स क्लवको बार्षिक भिजन कार्यक्रमअन्तर्गत् आँखा परीक्षण शिविर सञ्चालन गरिएको मुख्य कार्यक्रम संयोजक हरिवंश भेटवालले बताउनुभयो । स्रोत साधनको अभावमा मोतिबिन्दुका कारण दृष्टिबिहीन भएकाहरुलाई दृष्टि प्रदान गर्ने उद्देश्यले आँखा परीक्षण शिविर सञ्चालन गरिएको उहाँले बताउनुभयो ।

मकवानपुर जिल्लाको शिखरकटेरी, पाथीभरा, बुढिचौर, राईगाउँमा आँखा शिविर भएको थियो । बारा जिल्लाको इनर्वासिरा, हरिपुर र हल्खोरिया एवम् सर्लाही जिल्लाको रामनगरमा आँखा परीक्षण शिविर सञ्चालन सञ्चालन गरिएको थियो । लायन्स क्लब इन्टरनेशनल डिस्ट्रिक्ट ३ सय २५ एस नेपालअन्तर्गत् रहेका क्लबहरुले स्थानीय क्षेत्रमा विभिन्न सामाजिक कार्यहरु सञ्चालन गर्दै आएको छ ।

# भलिबलको उपाधि बीबीएस तेस्रो वर्ष र टिम फौजीलाई

समाज संवाददाता

हेटौंडाः हेटौंडा-२ स्थित मकवानपुर बहुमुखी क्याम्पसको ४४ औं स्थापना दिवसको अवसरमा स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) ले आयोजना गरिरहेको खेलकुद कार्यक्रमअन्तर्गत् भलिबल प्रतियोगिता सम्पन्न भएको छ । प्रतियोगिताका संयोजक बुद्ध बरामका अनुसार सोमबार र मंगलबार दुई दिन सञ्चालन गरी भलिबल खेल सम्पन्न भएको हो ।

भलिबल खेलमा महिलातर्फको उपाधि बीबीएस तेस्रो वर्षले जितेको छ। फाइनल खेलमा बीबीएम पहिलो वर्षलाई २-१ को सेटले हराउँदै बीबीएस तेस्रो वर्षले उपाधि जितेको हो। प्रतियोगितामा महिलातर्फ ८ टिमको सहभागिता रहेको थियो ।

यस्तै, पुरुषतर्फको उपाधि टिम फौजीले जितेको छ। फाइनलमा बीबीएस तेस्रो वर्ष नेपाली माध्यमलाई २-१ को सेटले हराउँदै फौजीले उपाधि जितेको हो। प्रतियोगितामा पुरुषतर्फ २४ टिमको सहभागिता रहेको थियो ।

विजयी टिमलाई वार्षिकोत्सव समापन कार्यक्रममा पुरस्कार वितरण गरिने संयोजक बरामले बताउनुभयो । स्ववियुले गएको आइतबारबाट विभिन्न खेलकुदका कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको छ । कार्यक्रम फागुन ५ गतेसम्म चल्ने संयोजक बरामले बताउनुभयो ।

## मकवानपुर टेबल टेनिस संघको
## साधारणसभा तथा अधिवेशनसम्बन्धी सूचना

यस मकवानपुर टेबल टेनिस संघको वार्षिक साधारणसभा तथा अधिवेशन तपसील बमोजिम आयोजना गरिएको हुँदा सम्पूर्ण सदस्य, टेबल टेनिस खेलाडी, प्रशिक्षकहरुमा सहभागिताका लागि अनुरोध गरिन्छ ।

**तपसील**
मितिः २०८०/११/०५ गते
समयः बिहान ११ बजे
स्थानः क्विक-२० होटेल
हेटौंडा-४, हुप्रचौर

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ